तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८३ साल जेठ महिनाको १७ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौंडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

तिलोत्तमा नगरपालिका

कार्यपालिका बैठक सङ्ख्याः १३/२०८२/८३ (१९३) मितिः २०८३/२/१७ गते ।

<u>बैठकका कार्यसूचीहरूः</u>

१. आर्थिक वर्ष २०८३।८४ को लागि वडागत तथा शाखागत बजेट सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन स्वीकृति सम्बन्धमा

२. मेशिन प्रयोग सम्बन्धी कार्ययोजना स्वीकृति सम्बन्धमा

३. नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी बोलपत्र स्वीकृति सम्बन्धमा

४. तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ मा संसोधन सम्बन्धमा

५. विविध

निर्णय नं. १

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त स्रोतगत आय अनुमान र आवश्यकता समेतको आधारमा न्यूनतम बजेट उपलब्ध हुने गरी देहाय अनुसार वडागत र विषय क्षेत्र तथा शाखागत बजेट सीमा निर्धारण गरी २०८३ जेठ २५ गतेभित्र योजना तथा कार्यक्रम छनोट गरी नगर कार्यपालिकाको कार्यालयमा पेस गर्न सम्बन्धित वडा समिति र विषयगत शाखालाई निर्देशन दिने।

देहायः

क. वडागत बजेट सीमा (रू. हजारमा)

| वडा नं. | चालुतर्फको बजेट सीमा | | | | आकस्मिक पूर्वाधार विकास कार्यक्रम | पुंजीगततर्फको बजेट सीमा | | | | | पुंजीगतको जम्मा वडा कार्यालयले प्राप्त गर्ने बजेट | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैठक भत्ता | कार्यालय संचालन तथा विविध | आकस्मिक कार्यक्रम खर्च चालु | जम्मा | | न्यूनतम सीमा | राजश्व सङ्कलन क्षमताको आधारमा प्राप्त रकम | नदीजन्य पदार्थ बाट प्राप्त रकम | जनसख्याको अधारमा प्राप्त हिस्सा | क्षेत्रफलको आधारमा प्राप्त हिस्सा | | |
| १ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | २९२५ | ० | ० | ० | १०९२५ | १२५४१ |
| २ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | ३००० | ० | ० | ० | ११००० | १२६१६ |
| ३ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | ३२५० | ० | १००० | ० | १२२५० | १३८६६ |
| ४ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | २६२५ | ० | ० | ० | १०६२५ | १२२४१ |
| ५ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | ३५२५ | ० | ० | ० | ११५२५ | १३१४१ |
| ६ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | ३७७५ | ४०९० | १००० | ० | १६८६५ | १८४८१ |
| ७ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | २०५० | ० | ० | ० | १००५० | ११६६६ |
| ८ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | १५७५ | ० | ० | ० | ९५७५ | १११९१ |
| ९ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | १८०० | ० | ० | ० | ९८०० | ११४१६ |
| १० | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | ९२५ | ० | ० | ० | ८९२५ | १०५४१ |
| ११ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | १५५० | १९३५ | १००० | १००० | १३४८५ | १५१०१ |
| १२ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | ६०० | ० | ० | ० | ८६०० | १०२१६ |
| १३ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | १०७५ | ३२६० | ० | ० | १२३३५ | १३९५१ |
| १४ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | १४५० | ० | ० | १००० | १०४५० | १२०६६ |
| १५ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | २०७५ | ० | ० | ० | १००७५ | ११६९१ |
| १६ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | १३०० | ० | ० | ० | ९३०० | १०९१६ |
| १७ | २१६ | २०० | २०० | ६१६ | १००० | ८००० | १८०० | ० | ० | १००० | १०८०० | १२४१६ |
| जम्मा | ३६७२ | ३४०० | ३४०० | १०४७२ | १७००० | १३६००० | ३५३०० | ९२८५ | १५०० | १५०० | १८६५८५ | २१४०५७ |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

क. विषयक्षेत्र तथा शाखागत बजेट सीमा (रू.)

| सि.नं. | विषयगत क्षेत्र तथा शाखाहरू | बजेट सीमा (रू.) | कैफियत |
|---|---|---|---|
| १ | पशु सेवा | ४०८०००० | |
| २ | सहकारी | ८००००० | |
| ३ | श्रम तथा रोजगार | ३२००००० | |
| ४ | शिक्षा | ५३१२०८०० | |
| ५ | बालमैत्री | ४१२०००० | |
| ६ | खेलकुद | ८९६०००० | |
| ७ | युवा | ११२०००० | |
| ८ | स्वास्थ्य | १६६४०००० | |
| ९ | सामाजिक विकास | १६००००० | |
| १० | वन वातावरण तथा विपद् व्यवस्थापन | ८८१६००० | |
| ११ | आयुर्वेद | २२४०००० | |
| १२ | पंजीकरण तथा स्थानीय तथ्याङ्क | ८००००० | |
| १३ | सूचना प्रविधि | ७१६०००० | |
| १४ | योजना | २११६०००० | |
| १५ | घर नक्शा | ४४०००० | |
| १६ | आर्थिक विकास | ४००००० | |
| १७ | न्यायिक समिति | २१६०००० | |
| १८ | महिला बालबालिका तथा जेष्ठ नागरिक | २४८०००० | |
| १९ | कृषि | ३२२०००० | |
| २० | सुरक्षित आप्रवासन कार्यक्रम | १०४०००० | |
| २१ | राजश्व | ४९२००० | |
| २२ | लघु उद्यम विकास | १६००००० | |
| | कुल जम्मा | १४५६४८८०० | |

निर्णय नं. २

आर्थिक वर्ष २०८३।८४ मा नगरस्तरीय, शाखागत तथा वडास्तरीय योजना तथा कार्यक्रम छनोटका लागि देहायमा उल्लिखित प्राथमिकीकरणका आधार एवम् मापदण्ड र मार्गदर्शन स्वीकृत गरी सम्बन्धित वडा समिति र विषयगत शाखालाई पठाउने ।

देहायः

**विषयगत शाखाहरूको लागि बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनः**

क.) नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका विषयगत शाखा र कार्यालयहरूको लागि आवश्यक पर्ने पारिश्रमिक र न्यूनतम प्रशासनिक खर्चहरूमा चाहिने बजेट छुट्याई बाँकी रकम अन्य कार्यक्रम तथा योजनाहरूका लागि प्रस्ताव गर्ने ।

ख.) आवधिक नगर विकास योजनाको लक्ष्य र उद्देश्य पुरा गर्न सघाउ पुर्‍याउने गरी योजना छनोट गर्ने।

ग.) नगरस्तरीय क्रमागत योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न आवश्यक बजेट प्रस्ताव गर्ने।

घ.) नगरपालिकाको गौरवको योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बजेट प्रस्ताव गर्ने ।

ङ.) गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरू, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरू, आम्दानी र रोजगारी वृद्धि गर्ने आयोजनाहरू, लागत सहभागिता जुट्ने आयोजनाहरू, स्थानीय स्रोत साधन र सिप प्रयोग हुने आयोजनाहरू, समावेशी विकासमा योगदान पुर्‍याउने आयोजनाहरू, दिगो विकास र वातावरण संरक्षण तथा संवर्धनमा सघाउ पुग्ने आयोजनाहरू र स्थानीय भाषिक सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने आयोजनाहरूलाई उच्च प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने ।

च.) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्राथमिकतामा राखी बजेट प्रस्ताव गर्ने ।

छ.) नाफा कमाउने उद्देश्यले स्थापित विभिन्न संघ संस्था, राजनीतिक उद्देश्यले स्थापित संघ संस्था, सहकारी लगायतका संघ संस्थाहरूको नाममा बजेट प्रस्ताव नगर्ने ।

ज.) रोजगारी सिर्जनामा सघाउ पुग्ने, सीप विकाससँग सम्बन्धित तथा अत्यावश्यक बाहेक सामान्य र नियमित प्रकृतिका तालिम तथा सचेतनामूलक कार्यक्रमको लागि बजेट प्रस्ताव नगर्ने ।

झ.) अनुत्पादक र वितरणमूखी कार्यक्रमको लागि बजेट प्रस्ताव नगर्ने ।

ञ.) अध्ययन तथा अवलोकन भ्रमण शीर्षकमा बजेट प्रस्ताव नगर्ने ।

**वडा समितिको लागि बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनः**

क.) वडास्तरीय योजना तथा कार्यक्रम छनोट गर्दा देहायका आधार र मार्गदर्शनको पालना गर्नुपर्नेछ ।

- वडाबाट सञ्चालन भएका अधुरा तथा क्रमागत योजनाहरूलाई प्राथमिकता दिनुपर्ने ।
- नगर स्वर्णीम योजना अन्तर्गत निर्माण हुने सडक छनोट गर्दा उपभोक्ता समितिको लागत साझेदारी हुने अवस्थामा रू. १० लाख लागतका ५ वटा र उपभोक्ता समितिको लागत साझेदारी हुन नस्कने भई ठेक्का मार्फत कार्यान्वयन गर्नु पर्दा रू. ५० लाख लागतको एउटा मात्र सडक छनोट गरी पठाउने ।
- वडालाई प्राप्त न्यूनतम् बजेट सीमाको २० प्रतिशतले हुन आउने बजेट (रू. १६ लाख) सम्बन्धित वडाका रणनीतिक महत्वका कालोपत्रे सडक मर्मतको लागि नगरपालिकाले छुट्याउने बजेटमा लागत साझेदारी गर्ने प्रयोजनको लागि विनियोजन गर्ने ।
- वडालाई प्राप्त न्यूनतम बजेट सीमाको अधिकतम २० प्रतिशतले हुन आउने बजेट (रू. १६ लाख) बराबरको मात्र चालु प्रकृतिका योजना तथा कार्यक्रमको लागि बजेट प्रस्ताव गरी बाँकी बजेट पुँजीगत प्रकृतिका योजना तथा कार्यक्रम (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, नदी नियन्त्रण, पर्यटन, खानेपानी जस्ता पूर्वाधार निर्माण र स्तरोन्नति) को लागि बजेट प्रस्ताव गर्ने ।

- वडालाई प्राप्त बजेट सीमाबाट सामुदायिक विद्यालयका शिक्षकको पारिश्रमिक तथा अन्य संघ संस्थाको चालु प्रकृतिको खर्चको लागि बजेट प्रस्ताव नगर्ने ।
- वडालाई प्राप्त बजेट सीमाभित्र रही आकस्मिक पूर्वाधार विकास कार्यक्रम शीर्षकमा बजेट प्रस्ताव गर्दा देहाय बमोजिमका क्षेत्रमा मात्र खर्च गर्ने गरी बजेट प्रस्ताव गर्ने ।

  क. सडक निर्माण तथा मर्मत सम्भार
  - ✓ रणनीतिक महत्वका सडकहरूको निर्माण तथा आकस्मिक मर्मत सम्भार,

  ख. कृषि तथा सिंचाई
  - ✓ सिंचाईका लागि हाल संचालनमा रहेको कूलो, बोरिङ्गको मर्मत सम्भार तथा स्तरोन्नति,
  - ✓ पोखरी, बोरिङ्ग तथा पानीको मूल संरक्षण,
  - ✓ सामूहिक फलफूल खेती,
  - ✓ सार्वजनिक स्थलमा फलफूल बगैचा निर्माण,
  - ✓ कृषि तथा पशुपंक्षी उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने हाट बजार, तरकारी सङ्कलन केन्द्रको निर्माण तथा मर्मत सम्भार

  ग. शहरी खानेपानी
  - ✓ खानेपानीको मूल संरक्षण तथा खानेपानी आयोजनाहरूको निर्माण, बिस्तार तथा मर्मत सम्भार ।

  घ. स्वास्थ्य तथा सरसफाई
  - ✓ स्वास्थ्य चौकी तथा प्रसुति गृह मर्मत सम्भार,
  - ✓ सार्वजनिक शौचालय निर्माण तथा स्तरोन्नति,
  - ✓ फोहोर व्यवस्थापन तथा सार्वजनिक स्थलहरूको सरसफाई ।

  ङ. शिक्षा
  - ✓ विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय, खेल मैदान, कम्पाउण्ड, बगैंचा आदि पूर्वाधार निर्माण, विस्तार तथा मर्मत सम्भार,
  - ✓ सार्वजनिक खेलकूद मैदान निर्माण, विस्तार तथा मर्मत सम्भार ।

  च. वन तथा जलाधार
  - ✓ वृक्षारोपण तथा फलफूलको विरुवा रोपण तथा संरक्षण, जलाधार संरक्षण तथा भूक्षय रोकथाम,
  - ✓ पहिरो तथा नदी नियन्त्रण,
  - ✓ साना बाँध निर्माण,
  - ✓ स्थानीय पार्क निर्माण, विस्तार तथा मर्मत सम्भार

- वडास्तरीय योजनाका लागि निर्धारण गरिएको बजेट सीमाबाट सबै विषय क्षेत्रहरू (आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) समेटिने गरी बजेट प्रस्ताव गर्ने ।
- वडाभित्रका सबै बस्ती तथा क्षेत्रहरूलाई समेट्ने गरी आवश्यकतामा आधारित योजना छनोट गरी बजेट प्रस्ताव गर्नुपर्ने ।
- गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरू, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरू, आम्दानी र रोजगारी वृद्धि गर्ने आयोजनाहरू, लागत सहभागिता जुट्ने आयोजनाहरू, स्थानीय स्रोत साधन र सिप प्रयोग हुने आयोजनाहरू, समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरू, दिगो विकास र वातावरण संरक्षण तथा संवर्धनमा सघाउ पुग्ने आयोजनाहरू

र स्थानीय भाषिक सांस्कृतिक पक्षको जगेर्ना, सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने आयोजनाहरूलाई उच्च प्राथमिकता दिई बजेट प्रस्ताव गर्ने

- बस्तीस्तरमा योजना छनोट गर्दा बढी भन्दा बढी समावेशी बनाई सबै पक्षको सहभागिता हुने गरी योजना छनोट गर्ने ।
- आवधिक नगर विकास योजनाको लक्ष्य र उद्देश्य पुरा गर्न सघाउ पुऱ्याउने गरी योजना छनोट गर्ने ।
- वडालाई प्राप्त चालु तथा पूंजिगत बजेटबाट अत्यावश्यक बाहेक अनुत्पादक र वितरणमूखी योजना तथा कार्यक्रम प्रस्ताव नगर्ने।
- वडालाई प्राप्त बजेटबाट योजना तथा कार्यक्रम प्रस्ताव गर्दा सङ्घीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट विनियोजन भएको बजेट तथा कार्यक्रमसँग दोहोरो नपर्ने कुराको सुनिश्चिततता गर्ने ।
- वडालाई प्राप्त पूंजीगत बजेटबाट सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, नदी नियन्त्रण, पर्यटन, खानेपानीजस्ता पूर्वाधार निर्माण र स्तरोन्नतिको लागि मात्र बजेट प्रस्ताव गर्ने । पूंजीगत बजेटबाट चालु प्रकृतिका योजना तथा कार्यक्रमहरूमा बजेट प्रस्ताव नगर्ने।
- वडालाई प्राप्त चालु खर्चतर्फको कार्यक्रम बजेटबाट प्रशासनिक खर्च बाहेक कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, शिक्षा, युवा तथा खेलकुद, स्वास्थ्य, वन तथा भू-संरक्षण, विपद् व्यवस्थापन, संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लगायतका क्षेत्रको विकासलाई केन्द्रमा राखी योजना तथा कार्यक्रम प्रस्ताव गर्ने ।
- वडालाई प्राप्त चालु खर्चतर्फको प्रशासनिक बजेटबाट वर्षभरीको चिया खाजा तथा अन्य विविध खर्चको व्यवस्थापन गर्नुपर्ने ।
- नाफा कमाउने उद्देश्यले स्थापित विभिन्न संघ संस्था, राजनीतिक उद्देश्यले स्थापित संघ संस्था, सहकारी लगायतका संघ संस्थाहरूको नाममा बजेट प्रस्ताव नगर्ने ।
- रोजगारी सिर्जनामा सघाउ पुग्ने, सीप विकाससँग सम्बन्धित तथा अत्यावश्यक बाहेक सामान्य र नियमित प्रकृतिका तालिम तथा सचेतनामूलक कार्यक्रमको लागि बजेट प्रस्ताव नगर्ने ।
- अध्ययन तथा अवलोकन भ्रमण शीर्षकमा बजेट प्रस्ताव नगर्ने ।
- बजेट प्रस्ताव गर्दा निजी तथा व्यक्तिगत फाइदा हुने वा कुनै व्यक्तिको निजी स्वार्थमा लगानी हुने गरी प्रस्ताव गरिएको पाइएमा वा निर्णय भईसकेपछि पनि आयोजना सञ्चालनको क्रममा त्यस्तो भएको पाइएमा उक्त आयोजना तथा कार्यक्रम सञ्चालनमा रोक लगाई अन्यत्र बजेट विनियोजन गरिनेछ ।
- वडास्तरीय योजना तथा कार्यक्रमको संसोधन तथा रकमान्तर गर्नुपर्दा अनिवार्य रूपमा नगर सभाबाट संसोधन गरी कार्यान्वयन गर्नुपर्ने ।
- वडाबाट छनौट भएका योजना तथा कार्यक्रमहरू अनुसूची-१ बमोजिमको ढाँचामा पेस गर्नुपर्ने।

ख.) बस्ती/टोल स्तरबाट आयोजना कार्यक्रम छनोट गर्दा निम्नानुसार गर्नुपर्नेछः

- वडा समितिले बस्तीस्तरको आयोजना/कार्यक्रम छनोटको ढाँचा तय गर्दा वडाभित्रका बस्तीहरूलाई भौगोलिक अवस्थिति, जनसङ्ख्या, यातयातको सुविधा लगायतका आधारमा कलष्टर निर्माण गरी सबै नागरिकलाई योजना छनोटको बस्तीस्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ।
- बस्ती/टोलस्तरको आयोजना कार्यक्रम छनोटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नुपर्नेछ ।
- बस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनोट गर्दा महिला तथा बालबालिका, आदिवासी/जनजाती, दलित, पाङ्ग, सीमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपूर्ण सहभागिता हुने व्यवस्था मिलाउनु पर्नेछ ।

- बस्ती/टोलस्तरको आयोजना/कार्यक्रम छनोटमा नागरिक समाजका संस्थाहरू, महिला/आमा समूहहरू, बालक्लवहरू, स्थानीय गैर सरकारी संस्थाहरू, सहकारी संस्थाहरू, निजी क्षेत्रका संस्था जस्ता स्थानीय संघ सस्थाहरूको सक्रिय सहभागिता गराउनुपर्नेछ ।
- वस्तीस्तरमा छनोट भएका आयोजना/कार्यक्रमहरूको सूची तयार गरी वडा समितिमा पेस गर्नुपर्नेछ ।
- माथि उल्लेख भए बमोजिम सरोकारवालाहरूको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित मिति, समय र स्थानमा उपस्थित भई योजना छनोटको सम्वन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरूको छनोट गर्नुपर्नेछ । यसरी छनोट भएका योजनाहरूको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पेस गरी वडा समितिवाट स्वीकृत गराई नगरपालिकामा पेस गर्नुपर्नेछ ।

ग.) वडाबाट बजेट तर्जुमा र योजना छनोट गर्दा देहायका विषयगत क्षेत्रमा प्राथमिकता दिई आवश्यकताको आधारमा योजना छनोट गर्नुपर्नेछ।

- **आर्थिक विकासः** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र ।
- **सामाजिक विकासः** शिक्षा , स्वास्थ्य , खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, महिला बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाती, मुस्लिम, अल्पसंख्यक आदि जस्ता क्षेत्र ।
- **पूर्वाधार विकासः** सडक तथा सडक पूल (झोलुङ्गे पुल समेत) सिँचाइ, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र ।
- **वन, वातावण तथा विपद व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, Sanitary Land fill site, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र ।
- **सुशासन तथा सस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, वेरूजु फर्छ्यौट, सेवा प्रवाहको मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

अनुसूची-१

## वडागत योजना माग फारम

आ.व.२०८३/८४

| विषयगत क्षेत्र | सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| **१) आर्थिक विकास** | | | | | |
| कृषि तथा पशु विकास कार्यक्रम | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| पर्यटन | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| सहकारी | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| **२) सामाजिक विकास** | | | | | |
| शिक्षा | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| स्वास्थ्य | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| खानेपानी तथा सरसफाई | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| संस्कृति प्रवर्द्धन | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| लैगिक समानता तथा सामाजिक समावेशीकरण | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| **३) पूर्वाधार विकास** | | | | | |
| स्थानीय सडक तथा पुल | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| | ६ | | | | |
| | ७ | | | | |
| | ८ | | | | |
| | ९ | | | | |
| सिंचाई | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| | ६ | | | | |

| विषयगत क्षेत्र | | योजनाको नाम | वडा नं. | विनियोजित रकम रू. | कैफियत |
|---|---|---|---|---|---|
| | ७ | | | | |
| | ८ | | | | |
| भवन तथा शहरी विकास | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| | ६ | | | | |
| विद्युत तथा उर्जा | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| | ६ | | | | |
| **४) वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | |
| वातावरण संरक्षण | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| जलउत्पन्न प्रकोप नियन्त्रण | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| विपद् व्यवस्थापन | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| **५) सुशासन तथा संस्थागत विकास** | | | | | |
| सेवा प्रवाहको मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युत्तीय सूचना प्रविधिको प्रयोग र विविध | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| | ६ | | | | |
| | ७ | | | | |
| कुल जम्मा | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**निर्णय नं. ३**

यस नगरपालिकाको प्राथमिकता प्राप्त आयोजनाको रुपमा रहेको URLIP/TT/CW01 ड्राईभरटोल-शिवपुर र पत्थरडाँडा-तिनाउ सडक निर्माण कार्यमा मात्र प्रयोग गर्ने गरी तिनाउ नदीको गोरकट्टा (बुटवल उपमहानगरपालिकाको वडा नं. १८ र तिलोत्तमा नगरपालिकाको, वडा नं. ६ को संयुक्त क्षेत्र) घाटक्षेत्रबाट १२,६३,५०० (अक्षरमा बाह्र लाख त्रिसठ्ठी हजार पाँच सय) घनफुट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन एवं घाटगद्दी गरी लैजाने कार्यको लागि उत्खनन् र ढुवानी गर्ने भारी यन्त्र प्रयोग गर्ने सम्बन्धमा संघीय सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) र तिलोत्तमा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन ऐन, २०८२ को दफा ३ (च) अनुसार २०८३/०२/०८ गते नगरप्रमुखस्तरीय निर्णयबाट स्वीकृत देहाय बमोजिमको भारी यन्त्र प्रयोग कार्ययोजना अनुमोदन गर्ने ।

<u>देहाय:</u>

| सि.नं. | उत्खनन् गरिने नदीघाट नाम | उत्खनन् गर्नुपर्ने परमाण (घ.फि.) | प्रयोग हुने उत्खनन् यन्त्र (एक्साभेटर संख्या) | ढुवानी गर्ने साधन (हाईवा/टिपर संख्या) | उत्खनन् अवधि (न्यूनतम) | उत्खनन् अवधि (न्यूनतम शुन्यान्तर गर्दा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तिनाउ नदीको गोरकट्टाघाट | १२६३५०० | ५ | ३० | १८.६४ दिन | १९ दिन | दिनको १२ घण्टा, ३२ घ.मि. प्रति घण्टाको दरले |

**निर्णय नं. ४**

आर्थिक वर्ष २०८२/८३ को लागि देहायका नदीघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् एवं घाटगद्दी गरी बिक्री गर्ने कार्यको ठेक्का बन्दोवस्त गर्न मिति २०८३/०१/०८ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरू मध्ये सबैभन्दा बढी कबोल अङ्क भई प्रचलित कानुन बमोजिम सारभूत रुपमा प्रभावग्राही देहायका बोलपत्रहरू तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को परिच्छेद १२ आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था अन्तर्गतको नियम १३९ को उपनियम (२) बमोजिम स्वीकृत गर्ने ।

<u>देहायः</u>

| क्र. सं. | नदीघाटको नाम र आय ठेक्का नं. | बोलपत्र दाखिला सङ्ख्या | बोलपत्रदाताको नाम, ठेगाना | न्यूनतम अङ्क रू. (मू.अ.कर बाहेक) | कबोल अङ्क रु. (मू.अ.कर बाहेक) | बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | तिनाउ नदीको सुसुरा घाट १८/२०८२/८३ | दुई थान | श्री एस. आर. ट्रेड कन्सर्न प्रा.लि. अञ्चलपुर, रुपन्देही । | ९४,४६,८००/- | २,१७,४६,५९२/- | १३१.१७% |
| २ | सुखौरा खोलाको विभिन्न पाँचवटा घाट १९/२०८२/८३ | दुई थान | श्री एस.एण्ड बि. कन्सट्रक्सन, मालारानी, अर्घाखाँची । | ७५,४६,०००/- | १,२९,२५,५११/- | ४०.६२% |

निर्णय नं. ५

तिलोत्तमा नगरपालिकाको प्राथमिकता प्राप्त आयोजनाको रुपमा रहेको URLIP/TT/CW01 ड्राईभरटोल-शिवपुर र पत्थरडाँडा-तिनाउ सडक निर्माण कार्यमा प्रयोग गर्नका लागि तिनाउ नदीको गोरकट्टा घाटक्षेत्र (तिलोत्तमा नगरपालिकाको, वडा नं. ६ र बुटवल उपमहानगरपालिकाको वडा नं. १८ संयुक्त क्षेत्र) घाटक्षेत्रबाट १२,६३,५०० (अक्षरमा बाह्र लाख त्रिसठ्ठी हजार पाँच सय) घनफुट नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन एवं घाटगद्दी गरी लैजाने कार्यको लागि श्री सगुन कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिंग प्रालिलाई मिति २०८३।२।८ गते कार्यादेश दिईएकोमा उक्त प्रालिको मिति २०८३।२।१६ को पत्रबाट नदीजन्य पदार्थ उत्खनन्को लागि रेखाङ्कित सीमाभित्र सम्झौता बमोजिमको औषत करिब ०.५ मिटर गहिराईमा उत्खनन गर्दा भस्कट (माटोको मात्रा बढी भएको ग्राभेल) र अधिकांश स्थानमा चट्टान भएको कारण सम्झौता बमोजिम उत्खनन् गर्न संभव नभएको भनी तिनाउ नदीको अन्य कुनै स्थानबाट बाँकी परिमाण उत्खनन् गर्न सहजीकरण गरिदिन लेखी आएको हुँदा प्राप्त पत्रमा उल्लिखित विषयमा स्थलगत अवलोकन, अध्ययन तथा नापजाँच समेत गरी ३ दिनभित्र राय सहितको प्रतिवेदन पेस गर्ने कार्यादेश सहित देहाय बमोजिमको कार्यदल गठन गर्ने ।

| | | |
|---|---|---|
| क.) | कार्यपालिका सदस्य श्री सुरेन्द्र श्री | - संयोजक |
| ख.) | वडा नं ८ का अध्यक्ष श्री कृष्ण पौडेल | - सदस्य |
| ग.) | वडा नं १३ का अध्यक्ष श्री नारायण ढकाल | - सदस्य |
| घ.) | वडा नं ११ का अध्यक्ष श्री बिष्णु बराल क्षत्री | - सदस्य |
| ङ.) | वडा नं. १४ का अध्यक्ष श्री अश्विन पौडेल | - सदस्य |
| च.) | ईन्जिनियर श्री प्रदिप वन | - सदस्य |
| छ.) | नगर प्रहरी ईन्चार्ज श्री नर प्रसाद श्रेष्ठ | - सदस्य |
| ज.) | प्रशासकीय अधिकृत श्री ईन्द्र दत्त सापकोटा | - सदस्य सचिव |

निर्णय नं. ६

तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ लाई देहाय बमोजिमि हुने गरी संसोधन गर्ने ।

**तिलोत्तमा नगरपालिकाको शिक्षा (तेस्रो संशोधन) नियमावली, २०८३**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "तिलोत्तमा नगरपालिकाको शिक्षा (तेस्रो संशोधन) नियमावली, २०८३ रहेको छ ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **मूल नियमावलीको नियम २६ मा संसोधनः** (१) मूल नियमावलीको नियम २६ को उपनियम (१) (ग) झिकिएको छ ।

(२) मूल नियमावलीको नियम २६ को उपनियम (२) मा रहेको "चार वर्षको' भन्ने वाक्यांशको सट्टा "तीन वर्षको' भन्ने वाक्यांश राखिएको छ ।

(३) मूल नियमावलीको नियम २६ को उपनियम (१) (घ) को सट्टामा देहायको उपनियम (१) (घ) राखिएको छ ।

(घ) विद्यालय रहेको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले मनोनयन गरी पठाएको सदस्य एक जना ।

खुमलाल कुमाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं. ६

तिलोत्तमा नगरपालिका क्षेत्रमा सङ्कलन भई निकासी हुने कवाडीजन्य मालवस्तुमा कर उठाउने कार्य र विभिन्न हाटबजारमा बैठकी वापतको शुल्क उठाउने कार्य आयठेक्का बन्दोबस्ती प्रकृयाबाट गर्नका लागि तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १३८ को उपनियम (१) बमोजिम प्रशासनिक दायित्व समेत न्यूनीकरण हुन जाने देखिएकोले राजस्व परामर्श समितिको सिफारिस समेतको आधारमा ठेक्का अवधि दुई वर्ष कायम हुने गरी आर्थिक वर्ष २०८३/८४ र २०८४/८५ का लागि देहायको न्यूनतम अङ्क कायम गरी आय ठेक्का बन्दोबस्ती गर्ने ।

**आय ठेक्का बन्दोबस्ती प्रयोजनका लागि न्यूनतम अङ्कको विवरण**

**आर्थिक वर्ष २०८३/८४ र २०८४/८५**

| क्र.सं. | कामको विवरण | २०८२/८३ को न्यूनतम अङ्क रु. | २०८२/८३ को संशोधित न्यूनतम अङ्क रु. | २०८२/८३ को कबोल अङ्क रु. | एक आर्थिक वर्षका लागि न्यूनतम अङ्क रु. | २०८३/८४/ र २०८४/८५ दुई आ.व.को लागि न्यूनतम अङ्क रु. |
|---|---|---|---|---|---|---|
| १. | कवाडी निकासी ठेक्का | ३७,०१,५००.०० | ३०,००,०००.०० | - | २०,००,०००.०० | ४०,००,०००.०० |
| २. | ड्राईभरटोल हाटबजार ठेक्का | १९,५०,५००.०० | - | २०,००,९९९.०० | २०,०२,२००.०० | ४०,०४,०००.०० |
| ३. | योगीकुटी हाटबजार ठेक्का | १९,२०,०००.०० | - | २०,३०,३००.०० | २०,३१,०००.०० | ४०,६२,०००.०० |
| ४. | सिमानगर हाटवजार ठेक्का | ९,१०,०००.०० | - | ११,१०,९९९.०० | ११.११,०००.०० | २२,२२,०००.०० |
| ५. | गणेशपुर हाटबजार ठेक्का | १४,८३,०००.०० | - | १४,८३,०१५.०० | १४,८४,०००.०० | २९,६८,०००.०० |
| ६. | सेमरा हाटबजार ठेक्का | १५,२६,६००.०० | - | - | १४,००,०००.०० | २८,००,०००.०० |
| ७. | भलवारी हाटवजार ठेक्का | १५,३१,०००.०० | - | - | १४,००,०००.०० | २८,००,०००.०० |
| ८. | कान्छीबजार हाटवजार ठेक्का | ६,०२,०००.०० | - | ६,७०,७५०.०० | ६,७१,०००.०० | १३,४२,०००.०० |
| ९. | रामनगर हाटबजार ठेक्का | ५०,५००.०० | - | ५०,६००.०० | ५२,०००.०० | १,०४,०००.०० |
| १०. | शिवपुर हाटबजार ठेक्का | १,२६,०००.०० | - | १,२६,५००.०० | १,२८,०००.०० | २,५६,०००.०० |
| ११. | भुल्का हाटबजार ठेक्का | १,२८,०००.०० | - | १,२८,१००.०० | १,३०,०००.०० | २,६०,०००.०० |
| १२. | नौ नं. हाटवजार ठेक्का | ५,२७,८००,०० | - | ७,१३,७५०.०० | ७,१४,०००.०० | १४,२८,०००.०० |
| १३. | बनकट्टी हाटवजार ठेक्का | ४,८७,०००.०० | - | ५,७५,७५०.०० | ५,७६,०००.०० | ११,५२,०००.०० |
| १४. | कोटीहवा हाटवजार ठेक्का | २१,००,१००.०० | - | २१,००,२००.०० | २१,०१, ,०००.०० | ४२,०२,०००.०० |
| जम्मा | | १,७०,४४,०००.०० | ३०,००,०००.०० | १,०९,९०,९६३.०० | १,५८,००,०००.०० | ३,१६,००,०००.०० |

रामलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

**निर्णय नं. ८**

केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ बाट शिक्षा ऐन २०२८ को दफा १२ को उपदफा १ को खण्ड (ग) मा भएको व्यवस्था खारेज भएको तथा तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ को तेस्रो संशोधनबाट नियम २६ को उपनियम (१) (घ) र उपनियम (२) मा रहेको व्यवस्था समेत संसोधन भएको सन्दर्भमा शैक्षिक सत्र २०८३ मा मिति २०८३/०२/१५ गतेसम्म भर्ना भएका विद्यार्थीहरुलाई आधार मानी सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई संशोधित व्यवस्था अनुसार २०८३ असार मसान्तभित्र विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउन पत्राचार गर्ने ।

**निर्णय नं. ९**

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा ६ को उपदफा (१) (झ) बमोजिम जिल्ला समन्वय समितिको कार्यालय, रूपन्देहीबाट प्राप्त पृष्ठपोषण समेतको आधारमा मिति २०८२।१२।२३ को नगर कार्यपालिका बैठकको निर्णयबाट सार्वजनिक आ.व. २०८१।८२ को कार्यसम्पादन स्वःमूल्याङ्कनको अन्तिम नतिजा (प्राप्ताङ्क ८२.७) मा कमजोर कार्यसम्पादन नतिजा देखिएका विषयक्षेत्र र सूचकहरूमा थप सुधार गर्ने सम्बन्धमा पेस भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन नतिजा सुधार कार्ययोजना स्वीकृत गर्ने ।